नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. ३२१

मितिः- २०७४।०९।१२

विषयः- सहभागिता सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय र जिल्लास्थित स्थानीय तहहरु ।
भक्तपुर धादिङ्ग, नुवाकोट, काठमाण्डौ, ललितपुर, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर, चितवन, सिन्धुली, दोलखा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आयोजनामा त्यस कार्यालयका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरुको लागि आर्थिक सुशासन तथा बेरुजु सम्बन्धी गोष्ठी धुलिखेल तालिम केन्द्र धुलिखेल, काभ्रेपलान्चोकमा सञ्चालन हुने भएकोले सो गोष्ठीमा सहभागि हुनको लागि आर्थिक प्रशासन शाखा प्रमुख र आन्तरिक लेखापरीक्षण शाखा प्रमुखहरुलाई तपशिल अनुसारको मिति, स्थान र समयमा अनिवार्य सहभागि हुन पठाईदिनु हुन निर्णयानुसार अनुरोध छ ।जि. स. स. को आर्थिक प्रशासन शाखाका प्रमुखहरुको हकमा १० मिनेटमा प्रस्तुतीकरण गर्न सकिने गरी बेरुजुको विवरण र फछौंट गर्न अपनाइएका उपायहरुको कार्ययोजना सहितको कार्यपत्र लिइ तथा आर्थिक विवरण बुझाउन वाकि गाउपालिका नगरपालिकाहरुले सो विवरण समेत लिइ गोष्ठीमा सहभागि हुन पठाईदिनु हुन निर्णयानुसार अनुरोध छ । तालिम आवासीय हुने र तालिममा सहभागि हुन आउने कर्मचारीहरुले ल्यापटप कम्प्युटर अनिवार्य लिई आउन समेत जानकारी गराईन्छ ।

तपशिलः-

| सि.नं. | मिति | जिल्ला समन्वय समितिहरु | स्थान र समय |
|---|---|---|---|
| १ | २०७४।०९।१५ देखि १६ | **प्रथम चरणः**<br>भक्तपुर धादिङ्ग, नुवाकोट, काठमाण्डौ, ललितपुर, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर, चितवन, सिन्धुली, दोलखा । | **स्थानः-** धुलिखेल तालिम केन्द्र, काभ्रेपलान्चोक<br>**समयः-** विहान ८ बजे । |
| | | **स्थानीय तहहरु** | |
| २ | २०७४।०९।१७ देखि १७ | **दोश्रो चरणः-**<br>सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा र ललितपुर | **स्थानः-** धुलिखेल तालिम केन्द्र, काभ्रेपलान्चोक<br>समयः- विहान ८ बजे । |
| ३ | २०७४।०९।१८ देखि १८ | **तेश्रो चरणः-**<br>नुवाकोट, धादिङ्ग, सिन्धुली र रसुवा | **स्थानः-** धुलिखेल तालिम केन्द्र, काभ्रेपलान्चोक<br>समयः- विहान ८ बजे । |
| ४ | २०७४।०९।१९ देखि १९ | **चौथौ चरणः-**<br>काठमाण्डौ, मकवानपुर, भक्तपुर, रामेछाप र चितवन | **स्थानः-** धुलिखेल तालिम केन्द्र, काभ्रेपलान्चोक<br>समयः- विहान ८ बजे । |

.............................
ढुण्डी प्रसाद निरौला
उप सचिव लेखा

सम्पर्क एवं थप जानकारीको लागिः
लेखा अधिकृत श्री बसन्त राज पौडेल- ९८४२६२६४८४

**बोधार्थः-**

श्री सूचना तथा विद्युतीय शासन शाखा, - website मा राखिदिनु हुन अनुरोध छ ।